# रामपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः १७ मितिः २०७७/०३/३१

## भाग -२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम रामपुर नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## रामपुर नगरपालिकाको

## आपतकालिन बाल उद्धार कोष सञ्चालन नियमावली, २०७७

**प्रस्तावना**

नेपालको संविधानको धारा ३९ (९) मा असाहाय , अनाथ , अपांगता भएका , द्वन्द पीडित विस्थापित एवम् जोखिममा रहेका बालबालिकाहरुलाई राज्यबाट विषेश संरक्षण र सुविधा पाउने संवैधानिक हकको व्यवस्था गरेको छ । बालबालिका सम्बन्धि ऐन, २०७५ मा बालबालिकाको अधिकाको सम्मान , संरक्षण ,प्रवर्धन र परिपुर्ती गरी उनीहरुको सर्वोत्तम हित कायम गर्ने व्यवस्था रहेको छ । र बालबालिका सम्बन्धि राष्ट्रिय नीति ,२०६९ मा बालबालिका संरक्षणको सबैभन्दा उत्तम उपाय बालबालिका परिवारमा नै रहने वातावरण सिर्जना गर्नु , बालबालिकाको पालन पोषण तथा हेरचाह गर्न , शिक्षा दिक्षा दिन नसक्ने विपन्न परिवारलाई आर्थिक र अन्य भौतिक सहयोग प्रदान गर्ने मापदण्ड र संयन्त्र तयारी गरी कार्यान्वयन गरिनेछ , भन्ने नीति रहेको छ ।

विशेष संरक्षणको आवश्यकता भएका ,जोखिममा परेका र विपन्न परिवारका बालबलिकाको पालन पोषण , हेरचाह , शिक्षादिक्षा, उपचार तथा संरक्षण विद्यमान कानून , नीति योजना र कार्यक्रम अनुसार आर्थिक राहत सहयोग कार्यविधि तोकी त्यस्ता बालबालिकालाई आर्थिक राहत सहयोग उपलब्ध गराउन वान्छनीय भएकाले बालबालिका सम्बन्धी ऐन ,२०७५ को दफा ८६ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी रामपुर नगरपालिकाले देहायको नियमहरु बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भ र परिभाषा

**१ . संक्षिप्त नाम र प्रारम्भ** : (१) यि नियमावलीको नाम आपतकालिन बालउद्धार कोष ( सञ्चालन ) नियमावली २०७७ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) कोष भन्नाले “आपतकालीन बालउद्धार कोष” सम्झनुपर्छ

(ख) बालबालिका भन्नाले अठार वर्ष उमेर पूरा नगरेका (१७ वर्ष ११ महिना २९ दिन सम्मका ) व्यक्तिलाई सम्झनुपर्दछ ।

(ग) आवतकालीन अवस्थामा रहेका बालबालिका भन्नाले देहायका अवस्थामा रहेका बालबालिका सम्झनुपर्छ :

(१) जोखिमपूर्ण श्रममा संलग्न रहेको ,

(२) हराएको वा बेबारिसे अवस्थामा फेला परेको ,

(३) ऋणको कारणले बन्धकमा रहेको वा जबरजस्ती श्रम बाट पीडित भएको

(४) शारीरिक वा मानसिक ,यातना वा भेदभाव जस्ता दूर्व्यवहारबाट पीडित भएको

(५) दूर्घटना भएको , प्राकृतिक वा दैवी प्रकोपमा परेको

(६) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसंग सम्बन्धित रहेको कारणले वेवारिसे भएको

(७) यौनशोषण , यौन दूर्व्यवहार , बेचबिखन वा ओसारपसारमा परेको

(८) हिंसाबाट प्रभावित भएको

(९ ) बाबुआमा वा संरक्षक बाट बन्चित भएको

(१०) अपांगता भएको

(११) सुस्तमनस्थिति भएको ,

(१२) अपहरण वा शरीर बन्धकमा परेको

(१३) सडक बालबालिका

(१४) एच । आई भी एड्स संक्रमित भएको

(१५) समितिले तोकेको अन्य बालबालिका ।

(घ) ‘‘मन्त्रालय भन्नाले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय तथा प्रदेश स्थीत रहेको सामाजिक विकास मन्त्रालय सम्झनुपर्छ ।

(ङ) स्थानीय तह भन्नाले रामपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(च) शाखा भन्नाले रामपुर नगरपालिकामा रहेको महिला बालबालिका तथा समाजकल्याण शाखा सम्झनु पर्दछ ।

(छ) समिति भन्नाले “बालउद्धार, संरक्षण तथा आर्थिक राहत सहयोग समिति” संझनुपर्छ ।

## परिच्छेद २

## कोषको स्थापना, कोषमा रकम जम्मा गर्ने

**३ कोषको स्थापना :**(१)आपतकालिन अबस्थामा रहेका बालबालिकालाई तत्काल उद्धार, राहत र पुर्नःस्थापना गर्ने काम समेतको लागि **आपतकालिन बाल उद्धार** कोषको नाममा एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहायबमोजिमका रकमहरु रहनेछन ।

(क) नेपाल सरकारबाट प्राप्त रकम ,

(ख) विदेशी सरकार , अन्तराष्ट्रिय संघ , संस्था वा व्यक्तिबाट प्राप्त रकम,
(ग) स्वदेशी संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,
(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

## परिच्छेद -३
## कोषको उपयोग गर्न सकिने र उपयोग गर्न नसकिने

**(५) कोषको उपयोग** : कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछ :-
(क) आपतकालिन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न ,
(ख) आपतकालिन अवस्थामा रहेका बालबालिकालाई राहत दिन तथा पुर्नस्थापना गर्न ,
(ग) समितिबाट स्विकृत कार्यक्रम सञ्चालन गर्न ,
(घ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्न ,
(ङ) बालबलिकाको हक हित सम्बम्धमा समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**(१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य काममा उपयोग गर्न सकिने छैन ।
(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिए को भएता पनि कोषको कुल खर्चको पांच प्रतिशत सम्मको रकम समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि उपयोग गर्न सकिनेछ ।

## परिच्छेद-४
## समितिको गठन तथा काम कर्तव्य र अधिकार

**समितिको गठन :** (१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक कोष सञ्चालन समिति रहनेछ ।
(२) समितिको गठन देहाय बमोजिम हुनेछ ।।

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) नगर उप प्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) नगर स्तरिय बालमैत्री शासन समिति प्रतिनिधित्व हुने गरी एक जना महिला सहित दुईजना | सदस्य |

(ङ) प्रमुख ईलाका प्रहरी कार्यालय सदस्य
(च) बालबालिकाको क्षेत्रमा कार्यरत गैर सरकारी
संस्थाहरुमध्ये समितिको संयोजकले तोकेको संस्थाबाट प्रतिनिधित्व
हुने गरी एक जना महिला सहित दुईजना सदस्य
(छ) महिला बालबालिकातथा सामाजिक विकास शाखाका कर्मचारी सदस्य सचिव

(३) उपनियम (२) को खण्ड - ग र ङ) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

**८. समितिको काम , कर्तव्य र अधिकार :** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आपतकालिन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने , पुर्नस्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा कार्यक्रम तर्जुमा गर्ने ,

(ख) कुनै बालबलिका आपतकालिन अवस्थामा रहेको बालबलिका भए वा नभएको निर्धारण गर्ने ,

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने ,

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने

(ङ) आपतकालिन अवस्थामा रहेका बालबलिकालाई राहत स्वरुप दिईने रकमको मापदण्ड बनाई लागु गर्ने

(च) आपतकालिन अवस्थामा रहेका बालबालिका सम्बन्धि अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने

(छ) आपतकालिन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने ,

(ज) आपतकालिन अवस्थामा रहेका बालबालिकालाई राहत दिने र पुर्नस्थापना गर्ने

(झ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने

(ञ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासंग समन्वय गर्ने ,

(ट) समितिलाई तत्काल आवश्यक नपर्ने कोषमा रहेको रकम उपयुक्त ठाउंमा लगानी गर्ने ,

(ठ) कोष बृद्धिको लागि स्रा्तको खोजी गर्ने ,

(ड) आपतकालिन अवस्थामा रहेका बालबालिका सम्बन्धि अन्य काम गर्ने वा गराउने ।

## परिच्छेद-५
## समितिको बैठक र निर्णय

**९ . समितिको बैठक र निर्णय :** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।
(२) समितिको बैठक अध्यक्षले तोकेको मिती , समय र स्थानमा बस्नेछ ।
(३) समितिको बैठक बस्नु भन्दा कम्तिमा चौबिस घण्टा अगावै समितिको सदस्य - सचिवले बैठकमा छलफल हुने कार्यसुचि सहितको सूचना सबै सदस्यहरुलाई दिनुपर्नेछ ।
(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।
(५) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफु मध्येबाट छानेको सदस्यले गर्नेछ ।
(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ । र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।
(७) समितिले आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी ,पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।
(८) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।
(९) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद -६
## कोषको प्रशासनिक खर्च, खाता सञ्चालन, कोषको लेखा र लेखा परिक्षण तथा रकम फ्रिज नहुने :

**(१०).कोषको प्रशासनिक खर्च** : समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकम र सो कोषबाट प्राप्त ब्याज रकमको दश प्रतिशत बढी हुने छैन ।

**(११) खाताको सञ्चालन :**(१) कोषको रकम नेपाल सरकारबाट मान्यता प्राप्त जुनसुकै बैंकमा खाता खोली जम्मा गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखाको मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

**१२. कोषको लेखा र लेखा परिक्षण** : (१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको लेखा परिक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१३.रकम फिज नहुने :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभई आर्थिक बर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फिज हुने छैन ।

## परिच्छेद-७

## प्रतिवेदन, बैठक भत्ता, कोषको सचिवालय तथा अभिलेख राख्ने :

**१४.प्रतिवेदन पेश गर्ने : (१)** समितिले प्रत्येक चार महिनामा सो समितिबाट भए गरेका काम कारबाहीको प्रतिवेदन नगर कार्यपालिकाको कार्यालयमा पठाउनुपर्नेछ ।

(२) समितिले अघिल्लो आर्थिक बर्ष भरिमा भए गरेका काम कारबाहीको प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र मन्त्रालय र पन्ध्र दिन भित्र कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(३) मन्त्रालयले उपनियम (२) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

**१५ बैठक भत्ता :** समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत नगरपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउन सक्नेछन् ।

**१६. कोषको सचिवालय** : कोषको सचिवालय नगरपालिका कार्यालयमा रहनेछ ।

**१७. अभिलेख राख्ने :**समितिले आफुले गरेको काम कारवाहीको अभिलेख दुरुस्त राख्नुपर्नेछ ।

## परिच्छेद-८

## निर्देशन दिन सक्ने, अधिकार प्रत्यायोजन तथा कोष खारेज हुन सक्ने

**१८. निर्देशन दिन सक्ने** : (१) मन्त्रालयले समितिको काम कामकारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम मन्त्रालयले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१९. अधिकार , प्रत्यायोजन :** समितिले यस नियमावली बमोजिम आफुलाई प्राप्त भएका अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष, सदस्य वा महिला बालबालिका तथा सामाजिक विकास शाखाको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२०. कोष खारेज हुन सक्ने** : (१) कुनै कारणवस कोष सञ्चालन गर्न आवश्यक नभएमा स्थानीय तहले खारेज गर्न सक्नेछ ।
(२) उपनियम (१) बमोजिम कोष खारेज भएमा कोषमा रहेको रकम नेपाल सरकारमा स्वतः हस्तान्तरण हुनेछ ।

*प्रमाणीकरण मितिः- २०७७/०३/३१*

**आज्ञाले**
**(हरिराम नागिला)**
**प्रमुख प्रशासकीय अधिकृत**